संघीय संसद

**प्रतिनिधि सभा, २०७९**

**पाँचौं अधिवेशन**

बैठक संख्या – २७

सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

२०८१ साल चैत १९ गते मंगलबार

---

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:३५ बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमै सम्माननीय सभामुखले विशेष कारणवश आजको दैनिक कार्यसूचीको क्रमसंख्या १ देखि ८ सम्मका कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनुभयो।

त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम विविध कारणले लगातार १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित निम्नलिखित माननीय सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सोही नियमको उपनियम (४) बमोजिम सभाको स्वीकृतिको लागि प्रस्तुत गर्नुहुँदा सभाले स्वीकृति जनायो।

| **क्र.सं.** | **मा० सदस्यको नाम** | **मिति** | **बैठक सङ्ख्या** | **कारण** |
|---|---|---|---|---|
| १. | मा० मनोरमा शेरचन | २०८१।१०।०२ देखि<br>२०८१।१२।१९ सम्म | २७ | थेरापी चलिरहेको |
| २. | मा० लिला देवी वोखिम (लिम्बु) | २०८१।११।२२ देखि<br>२०८१।१२।१९ सम्म | १४ | पारिवारिक कामले बेलायत जानुपर्ने |
| ३. | मा० सरस्वति वजिमय | २०८१।११।२८ देखि<br>२०८१।१२।१९ सम्म | ११ | विशेष कारणले देश बाहिर रहने |
| ४. | मा० रमेश रिजाल | २०८१।११।२५ देखि<br>२०८१।१२।१९ सम्म | १२ | वैदेशिक भ्रमण |
| ५. | मा० दिपक बोहोरा | २०८१।११।०१ देखी<br>२०८१।१२।१९ सम्म | २१ | थेरापी चलिरहेको |
| ६. | मा० शेरबहादुर देउवा | २०८१।११।२२ देखि<br>२०८१।१२।१७ सम्म | ११ | पार्टीको कार्यक्रममा व्यस्त |
| ७. | मा० गीता बस्नेत | २०८१।१०।१८ देखि<br>२०८१।१२।१९ सम्म | २७ | स्वास्थोपचारमा रहनु भएको |

तदुपरान्त सम्माननीय सभामुखले प्रतिनिधि सभा सदस्यको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो।

"राष्ट्रिय प्रजातन्त्र पार्टीको तर्फबाट रुपन्देही जिल्ला क्षेत्र नं. ३ बाट संघीय संसद, प्रतिनिधि सभा सदस्यमा निर्वाचित सदस्य, विभिन्न पटक राष्ट्रिय पञ्चायत र प्रतिनिधि सभा सदस्यमा निर्वाचित सदस्य, आठ पटक नेपाल सरकारको मन्त्री रहनुभएका, नेपाली राजनीतिको एक महत्वपूर्ण व्यक्तित्व दीपक बोहराको ७४ वर्षको उमेरमा आजै मिति २०८१ साल चैत १९ गते काठमाडौंस्थित ओम

अस्पतालमा असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात् सभाले स्वर्गीय दीपक बोहराको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गर्‍यो।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो।

नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१/१२/१८ को सिफारिशमा संघीय संसदको दुवै सदनको चालु अधिवेशन सम्वत् २०८१ साल चैत १९ गते मंगलबार राती १२:०० बजेदेखि अन्त्य गरेको छु ।

२०८१ चैत १९

(रामचन्द्र पौडेल)
राष्ट्रपति

तदनन्तर प्रतिनिधि सभाको चालु पाँचौं अधिवेशन राती १२:०० बजेबाट अन्त्य हुने गरी दिनको १२:४५ बजे बैठक स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव